# माथागढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

**Mathagadhi Rural Municipality**

Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
**Jhadewa, Palpa**
लुम्बिनी प्रदेश, नेपाल
**Lumbini Province, Nepal**
*Email: mathagadhimun@gmail.com*


च.नं.:( Despatch No.)
पत्र संख्या:(Ref No.)

## जनतासँग माथागढी गाउँपालिका कार्यक्रमको लागि संञ्चार संस्थाहरु सूचिकरण गर्ने सम्बन्धी सूचना।

सूचना नः ३६ मितिः २०८२/१०/१२

जनतासँग माथागढी गाउँपालिका कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ (दोस्रो संशोधन, २०८२) वमोजिम गाउँपालिकाका विविध गतिविधिहरुलाई विभिन्न सञ्चार माध्यमबाट आम नागरिकलाई जानकारी गराउन र जनताको संविधान प्रदत्त सूचनाको हक सम्बन्धी मौलिक अधिकारलाई सुनिश्चित गर्ने प्रयोजनार्थ उल्लेखित कानून तथा तपसिल वमोजिमको शर्तमा रही सूचिकृत हुन स्थानीय टेलिभिजन, रेडियो, पत्रपत्रिका र अनलाईन मिडियालाई ७ दिने सूचना प्रकाशित गरिएको छ।

### सूचिकृत हुन आवश्यक पर्ने कागजातहरु

१. टेलिभिजन र रेडियोको हकमा

(क) सञ्चारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण समेत) को प्रमाणित प्रतिलिपि,
(ख) विधान/प्रबन्धपत्र वा सोही बमोजिमको कागजातको प्रमाणित प्रतिलिपि,
(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
(घ) इजाजतपत्रको नवीकरणको प्रमाणित प्रतिलिपि,
(ङ) कभरेज एरिया, प्रकाशन र वितरणको संख्या विवरण खुलाउने कागजात
(च) लाभान्वित हुने अनुमानित जनसंख्याको विवरण
(छ) श्रमजीवी पत्रकार सम्बन्धी ऐन र नियमहरू पालना गरेको स्व घोषणा,
(ज) आचारसंहिताको उल्लङ्घनमा परी कारवाहीमा नपरेको घोषणा,
(झ) सञ्चार माध्यम सञ्चालनमा रहेको स्वघोषणा ।

२. छापा सञ्चार माध्यमको हकमा।

(क) प्रचलित कानुन बमोजिम संस्था र पत्रपत्रिका दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
(ख) स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि,
(ग) प्रेस काउन्सिलबाट वर्गीकरणमा परेको प्रमाणको प्रमाणित प्रतिलिपि,
(घ) नियमित प्रकाशन भएको सम्बन्धमा जिल्ला हुलाक कार्यालयबाट जारी भएको सिफारिस पत्र,
(ङ) सञ्चालकको नाम ठेगाना सम्पर्क नम्बर सहितको विवरण,
(च) अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणित प्रतिलिपि,
(छ) लेखापरीक्षण प्रतिवेदन

प्रमुख प्रशासकीय अधिकृत

झडेवा, पाल्पा
**Jhadewa, Palpa**
लुम्बिनी प्रदेश, नेपाल
**Lumbini Province, Nepal**
*Email: mathagadhimun@gmail.com*


च.नं.:( Despatch No.)
पत्र संख्या:(Ref No.)

३. अनलाइन सञ्चारको हकमा

(क) सूचना विभागमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
(ख) संस्था वा कम्पनी भएमा संस्था दर्ता प्रमाणपत्र, नवीकरण, प्रवन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि,
(ग) सञ्चालक तथा सम्पादकको नाम, थर, ठेगाना, फोन नं विवरण
(घ) स्थायी लेखा नम्वरको प्रमाणित प्रतिलिपि,
(ङ) वेबसाइट डोमेन दर्ता, नवीकरण गरेको प्रमाणको प्रतिलिपि,
(च) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

*दृष्टव्य: कागजातको प्रमाणित प्रतिलिपि पेस गर्दा सञ्चार माध्यमको आधिकारीक छाप सम्बन्धित सञ्चार माध्यमको प्रमुख वा अख्तियारवालाले प्रमाणित गरेको हुनुपर्नेछ । तोकिएको म्यादभित्र सुचिकृत हुन निवेदन पेस नगरेमा त्यस्ता सञ्चार माध्यमहरूलाई कार्यक्रममा समावेश गरिने छैन।*

२०८२।१०।१२

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत